# कॉँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com

राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०३ | बुधवार, २३ वैशाख, २०८३ | Wednesday, 6 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







# दुर्गममा वित्तीय समानीकरण अनुदानको हिस्सा न्यून

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, २१ वैशाख

भौगोलिक रूपमा विकट र जनसंख्या कम भएका कर्णालीका हिमाली जिल्ला स्थित स्थानीय तहहरूमा वित्तीय समानीकरण अनुदानको हिस्सा न्यून देखिएको छ।

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेशका ७९ वटै स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदानको बजेट सिलिङ निर्धारण गरेको छ। प्रदेश सरकारले जनसंख्या, भूगोल र विकासको अवस्थालाई आधार मानी स्थानीय तहहरूलाई अनुदानको बाँडफाँट गरेको जनाएको छ। तर भौगोलिक रूपमा विकट र जनसंख्या कम भएका कर्णालीका हिमाली जिल्ला स्थित स्थानीय तहहरूमा वित्तीय समानीकरण अनुदानको हिस्सा न्यून छ। जसमा आठ स्थानीय तह रहेको डोल्पामा पालिकाहरूको अनुदान सिलिङ निकै कम छ।

डोल्पाको छार्काताङ्सोङ गाउँपालिकाले ४५ लाख ६२ हजार, शे–फोक्सुण्डो गाउँपालिकाले ५६ लाख १० हजार, जगदुल्ला गाउँपालिकाले ५३ लाख ३९ हजार र मुड्केचुला गाउँपालिकाले ८१ लाख ३९ हजार अनुदान पाउनेछन्। यस्तै काइके गाउँपालिकाले ६९ लाख ६७ हजार, डोल्पोबुद्ध गाउँपालिकाले ४९ लाख ४१ हजार, त्रिपुरासुन्दरी नगरपालिकाले एक करोड १८ लाख ८९ हजार, ठूलीभेरी नगरपालिकाले एक करोड १४ लाख ५९ हजार रुपैयाँ पाएका छन्। यता मुगुमा चार स्थानीय तह छन्, जसमा छायाँनाथ रारा नगरपालिकाले एक/एक करोड ७९ लाख ९४ हजार बरारबरको अनुदान सिलिङ पाएका छन्।

मुगुमकार्मारोङ गाउँपालिकाले ८० लाख ९३ हजार, सोरु गाउँपालिकाले एक करोड २६ लाख ७८ हजार, खत्याड गाउँपालिकाले एक करोड ५३ लाख १० हजारबराबरको अनुदानभित्र रहेर बजेट निर्माण गर्न पाउनेछन्। सात स्थानीय तह रहेको हुम्लाको चंखेली गाउँपालिकाले ८५ लाख चार हजार रुपैयाँबराबरको समानीकरण अनुदानको सीमा पाएको छ। जसमाखखार्पुनाथ गाउँपालिकाले ८९ लाख एक हजार, सिमकोट गाउँपालिकाले एक करोड ३५ लाख ९६ हजार, नाम्खा गाउँपालिकाले ७० लाख ३७ हजार, सर्केगाड गाउँपालिकाले एक करोड नौ लाख ६० हजार, अदानचुली गाउँपालिकाले ८५ लाख ४२ हजार र ताँजाकोट गाउँपालिकाले ७९ लाख ४१ हजार रुपैयाँबराबरको अनुदान सिलिङ प्राप्त गरेका छन्।




> *वित्तीय समानीकरण अनुदान भनेको माथिल्लो सरकारले (संघले प्रदेश र स्थानीय तहलाई वा प्रदेशले स्थानीय तहलाई) दिने यस्तो अनुदान हो, जुन बिनाकुनै सर्त उपलब्ध गराइन्छ। यसको मुख्य उद्देश्य तल्लो सरकारको आफ्नै स्रोत (राजस्व) बाट नपुग हुने खर्चको आवश्यकता पूरा गर्नु हो। यो रकम स्थानीय तहले आफ्नो बजेटमा समावेश गरी आफूले चाहेको योजना वा प्रशासनिक कार्यमा खर्च गर्न पाउँछन्। कुनै स्थानीय तह धनी हुन्छन् (जस्तैः वीरेन्द्रनगर), कुनैको आयस्रोत कम हुन्छ (जस्तैः छार्काताङसोङ)। यही खाडल पुर्न यो अनुदान दिइन्छ।*

## धनी पालिकामा केन्द्रित

वीरेन्द्रनगर नगरपालिकाले सबैभन्दा धेरै (तीन करोड) पाउनुको कारण त्यहाँको जनसंख्याको उच्च चाप र खर्चको आवश्यकता बढी भएर हो। अर्कोतर्फ, डोल्पाको छार्काताङ्सोङ्ले थोरै (४५ लाख) पाउनुको मुख्य कारण त्यहाँ जनसंख्या निकै कम हुनु हो, यद्यपि भूगोल ठूलो भए पनि सूत्रले जनसंख्यालाई बढी भार दिने गर्छ।

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐनमा रहेको यही विभेदकारी नीतिले गरिब पालिकामा जानुपर्ने अनुदान धनी पालिकामा केन्द्रित भइरहेको छ। कर्णालीका दुर्गम तथा हिमाली जिल्लामा अवस्थित स्थानीयतहलाई भूगोलका आधारमा नभई जनसंख्याका आधारमा अनुदान दिइँदा सुगम र दुर्गमबीच विकासमा ठूलो असन्तुलन भइरहेको बताइन्छ।

वित्तीय समानीकरण अनुदान भनेको माथिल्लो सरकारले (संघले प्रदेश र स्थानीय तहलाई वा प्रदेशले स्थानीय तहलाई) दिने यस्तो अनुदान हो, जुन बिनाकुनै सर्त उपलब्ध गराइन्छ। यसको मुख्य उद्देश्य तल्लो सरकारको आफ्नै स्रोत (राजस्व) बाट नपुग हुने खर्चको आवश्यकता पूरा गर्नु हो। यो रकम स्थानीय तहले आफ्नो बजेटमा समावेश गरी आफूले चाहेको योजना वा प्रशासनिक कार्यमा खर्च गर्न पाउँछन्। कुनै स्थानीय तह धनी हुन्छन् (जस्तैः वीरेन्द्रनगर), कुनैको आयस्रोत कम हुन्छ (जस्तैः छार्काताङसोङ )। यही खाडल पुर्न यो अनुदान दिइन्छ।

## अनुदानको सीमा निर्धारण

आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी वर्षको बजेट निर्माण गरिरहेको अवस्थामा स्थानीय तहलाई अनुदानको सीमा तोकिएको हो। प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरणतर्फको अनुदानलाई तीन आधारमा सीमा निर्धारण गर्ने कानुनी व्यवस्था छ।

जसअनुसार प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि न्यूनतममा १४ करोड ३२ लाख ७० हजार, सूत्रमा आधारित ८१ करोड ६७ लाख ३० हजार र कार्यसम्पादन मूल्यांकनमा आधारित अनुदानमा ४ करोडको सीमा दिएको थियो। यसैका आधारमा स्थानीय तहले आफ्नो आगामी वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट तय गर्ने छन्।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा (३) र कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७४ को दफा ४ को उपदफा (१) र (२) बमोजिम आर्थिक वर्ष २०८३/०८४ का लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार वित्तीय समानीकरणको अनुदान वितरण गर्ने व्यवस्था छ। यही व्यवस्थाबमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको १० वैशाख २०८३ को मन्त्रीस्तरीय निर्णयानुसार वित्तीय समानीकरण अनुदानको सीमा उपलब्ध गराइएको हो।

सार्वजनिक विवरणअनुसार प्रदेश राजधानीसमेत रहेको सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले सबैभन्दा धेरै अनुदान पाएको छ भने डोल्पाको छार्काताङ्सोङ गाउँपालिकाले सबैभन्दा कम अनुदान बजेट प्राप्त गरेको छ, जहाँ आवश्यकता बढी र आम्दानी कम छ, त्यहाँ समानीकरण अनुदान बढी जानुपर्ने हुन्छ। तर, सार्वजनिक सिलिङमा भने त्यसो भएको देखिँदैन।

प्रदेशका १० जिल्लामध्ये सुगम र दुर्गमका आधारमा अनुदान रकममा ठूलो भिन्नता देखिएको छ। नौ स्थानीय तह रहेको सुर्खेतमा वीरेन्द्रनगर नगरपालिकाले तीन करोड ५३ लाख ३५ हजार रुपैयाँको सिलिङ पाएको छ, जुन प्रदेशभरिकै उच्च हो।

सुर्खेतका नौवटा स्थानीय तहमध्ये चिङ्गाड गाउँपालिकाले सबैभन्दा कम एक करोड पाँच लाख ५० हजार अनुदान रकम पाएको छ। यस्तै, ११ पालिका रहेको दैलेखको दुल्लु नगरपालिकाले सबैभन्दा बढी एक करोड ७४ लाख ७५ हजार पाउँदा सबैभन्दा कम डुङ्गेश्वर बाँकी पृष्ठ ३

# जेठ १० बाट सबैले यार्सागुम्बा संकलन गर्न पाउने



❒ काँक्रेविहार संवाददाता
डोल्पा, २२ वैशाख

आगामी १० जेठमा डोल्पाका विभिन्न पाटन यार्सागुम्बा संकलनका लागि खुला गरिने भएको छ। मंगलबार बसेको सर्वपक्षीय सर्वदलीय बैठकले उक्त मितिमा सबै पाटन यार्सागुम्बा संकलनका लागि खुला गर्ने निर्णय भएको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जका निमित्त कार्यालय प्रमुख विज्ञान सेनले जानकारी दिए।

यार्सागुम्बा संकलनका लागि शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज क्षेत्र र डिभिजन वनको क्षेत्रमा पर्ने सम्पूर्ण पाटन आम सर्वसाधारणका लागि खुला हुने भएको हो।

यार्सा टिप्न पाटन जानेहरूका लागि तीन प्रकारका प्रवेश अनुमतिपत्रको व्यवस्था गरिएको छ। निकुञ्जभित्रका मध्यवर्ती क्षेत्रभित्रका बासिन्दालाई ५०० (क) वर्ग', डोल्पा जिल्लाभित्रका नागरिकलाई दुई हजार (ख) वर्ग र जिल्ला बाहिरकालाई तीन हजार (ग) वर्ग शुल्क निकुञ्जले निर्धारण गरेको छ।

मध्यवर्ती क्षेत्र र जिल्लाभित्रका बासिन्दालाई प्रवेश शुल्कका लागि अनिवार्य परिचयपत्र देखाउनुपर्नेछ। यदि नदेखाएमा (ग) वर्ग कै प्रवेश शुल्क काटिनेछ।

यार्सागुम्बा संकलनका लागि ५, ६ र ७ जेठमा सम्बन्धित पाटनका क्षेत्रमा प्रवेशका लागि प्रवेश शुल्क बुझाई सक्नुपर्नेछ। यार्सापाटनमा १६ वर्षभन्दा तलका बालबालिकालाई प्रवेशमा निषेध गरिने निकुञ्जले जानकारी दिएको छ।

यार्सा संकलनका लागि डोल्पा, जाजरकोट, रुकुम पश्चिमलगायत क्षेत्रहरूबाट अधिकांश मानिस घर नै खाली गरेर हिमाली जिल्ला डोल्पाका उच्च पटनहरूमा जाने गरेका छन्।

# कांग्रेसले भन्यो- भारत र चीनलाई पठाएको कूटनीतिक नोट सकारात्मक

❒ काँक्रेविहार संवाददाता
काठमाडौं, २२ वैशाख

लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको भूमि भएको धारणासहित नेपालको सार्वभौमिकताको सम्मान गर्न आग्रह गर्दै सरकारले भारत र चीन दुवै देशलाई पठाएको कूटनीतिक नोटलाई नेपाली कांग्रेसले सकारात्मक रूपमा लिएको जनाएको छ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको सोमबारको बैठकले सो बारेमा निर्णय गर्दै २०७२ मा पार्टीका तत्कालीन सभापति सुशील कोइराला नेतृत्वको सरकारले उक्त विषय तत्काल सच्याउन आग्रहसहित भारत र चीन दुवै सरकारलाई कूटनीतिक नोट पठाएको कूटनीतिक पहल सम्बन्धमा समेत स्मरण गराएको छ।

गगनकुमार थापा सभापतित्वको बैठकले नेपाली भूमि लिपुलेक हुँदै कैलाश मानसरोवर यात्रा सञ्चालन गर्ने भारत र चीन बीच भएको सहमतिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। साथै लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूमि भएको र यस सम्बन्धमा कांग्रेसले विगतदेखि संस्थागत धारणा स्पष्ट ढंगले राख्दै आएको पार्टीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।




सन् १८१६ को सुगौली सन्धि, नेपालको ऐतिहासिक नक्सा, अभिलेख, दस्तावेज र प्रमाणको आधारमा लिपुलेक, लिम्पियाधुरा र कालापानीलगायत नेपालको भूमि भएको आधिकारिक दृष्टिकोण कांग्रेसले राख्दै आएको छ।

'कांग्रेस यो दृष्टिकोण र अडानमा स्पष्ट छ। भारत र चीन दुवै देशले नेपालको सार्वभौमिकताप्रति संवेदनशील हुनेछन् भनी कांग्रेसले विश्वास लिएको छ', विज्ञप्तिमा उल्लेख छ।

# हुलाकबाट घरमै पुऱ्याउन थालियो सरकारी कागजात

❒ काँक्रेविहार संवाददाता
काठमाडौं २२ वैशाख

सरकारले सार्वजनिक सेवा घरदैलोमै पुऱ्याउने उद्देश्यले हुलाक सेवामार्फत सरकारी कागजात व्यक्तिको घरमै वितरण गर्न थालेको छ।

हालसम्म १९ जिल्लामा यो सेवा सञ्चालनमा आइसकेको सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले जनाएको छ। १३ चैत २०८२ मा सरकारले स्वीकृत गरेको शासकीय सुधार सम्बन्धी १ सय दिने कार्यसूची अन्तर्गत हुलाक सेवा आधुनिकीकरण गरी सरकारी कुरियर सेवाका रूपमा विकास गर्ने लक्ष्य राखेको थियो।

उक्त योजना कार्यान्वयनका लागि सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सम्बन्धित निकायसँग कार्यप्रगति र देखिएका समस्याका सन्दर्भमा निरन्तर समन्वय तथा छलफल गरिरहेको मन्त्रालयले उल्लेख गरेको छ।

सञ्चार मन्त्रालयका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र ती मातहत निकायले काम गरिरहेका छन्।



हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीका अनुसार कार्यक्रम सुरु भएपछि हालसम्म ३ हजार १ सय ३१ थान राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ। तीमध्ये ६ सय ६७ राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण भइसकेको छ। यसले नागरिकलाई राहदानी प्राप्त गर्न जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता हटाएको छ।

विभागका अनुसार काठमाडौं, गुल्मी, डडेलधुरा, झापा, सिन्धुपाल्चोक, कालीकोट, मकवानपुर, बझाङ, कास्की, मोरङ, धनकुटा, बैतडी लगायत १९ जिल्लामा यो सेवाका लागि सम्झौता भइसकेको छ। अन्य जिल्लामा पनि विस्तार प्रक्रिया अगाडि बढाइएको छ।

हाल सबै जिल्ला प्रशासन कार्यालयले राहदानी आवेदन दिँदै सेवाग्राहीको ठेगाना संकलन थालेका छन्, जसले भविष्यमा वितरण झन् व्यवस्थित बनाउने विभागको भनाइ छ।

राहदानीसँगै अन्य सरकारी कागजात पनि घरमै पुऱ्याउन थालिएको छ। हालसम्म २ सय ६० वटा शैक्षिक प्रमाणपत्र वितरण भइसकेको छ। यातायात सेवा अन्तर्गत मंगलबार दिउँसो ३ बजेसम्म २ लाख ९६ हजार ५ सय ४५ थान सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धित यातायात कार्यालयमा पठाइएको छ भने मोरङ, कास्की लगायत जिल्लामा लाइसेन्स घरमै पुऱ्याउने सेवा सुरु गरिएको छ।

स्वास्थ्य क्षेत्रमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा १४ वटा प्रयोगशालामा नमुना ढुवानी गरिएको छ। सुर्खेत, बाँके र काठमाडौंबाट यो सेवा थालिएको हो।

सेवा विस्तारसँगै संस्थागत सुधारका काम पनि अगाडि बढेका छन्। नेपाल टेलिकमसँग सहकार्य गरी सिमकार्ड घरमै पुऱ्याउने सेवा चाँडै सुरु गर्ने तयारी छ।

मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु भइसकेको छ भने नेपाल खुला विश्वविद्यालयसँग शैक्षिक प्रमाणपत्र ढुवानीका लागि छलफल अगाडि बढेको विभागले जनाएको छ।

प्रणालीगत सुधारतर्फ राहदानी विभागसँग प्रणाली अन्तरआबद्धता गर्न अध्ययन समिति गठन गरिएको छ भने महालेखा नियन्त्रकको कार्यालयसँग प्रणाली एकीकरण पहल भइरहेको छ।

त्यस्तै प्रदेश निर्देशनालय र जिल्ला कार्यालयहरूसँग सहकार्य गरी डाँक रेखा पुनरावलोकन तथा 'पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम' (पिट्स) मा पोस्टल कोड स्तरोन्नति गर्ने कार्य अगाडि बढाइएको विभागले जनाएको छ।

# काँचको घर र कालो चश्मा !

सम्पादकीय

## विश्वविद्यालय शासनमा सुधारको नयाँ मोड

देशभरका १८ वटै विश्वविद्यालयको सर्वोच्च निकाय–विश्वविद्यालय सभा (सिनेट)–बाट प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनको प्रत्यक्ष प्रतिनिधित्व हटाउने सरकारी निर्णयले उच्च शिक्षाको शासन प्रणालीमा गम्भीर बहस निम्त्याएको छ । अध्यादेशमार्फत गरिएको यो परिवर्तन सामान्य प्रशासनिक सुधार मात्र होइन, विश्वविद्यालयभित्रको शक्ति सन्तुलन, सहभागिता र उत्तरदायित्वसँग प्रत्यक्ष जोडिएको विषय हो । विश्वविद्यालयलाई दलगत राजनीति र दबाब समूहको प्रभावबाट मुक्त गर्दै निर्णय प्रक्रियालाई छरितो, प्रभावकारी र दीर्घकालीन बनाउने सरकारको तर्क स्पष्ट छ । विगतमा संघ-संगठनमार्फत आउने दबाब, आन्दोलन र अवरोधले शैक्षिक क्यालेन्डर प्रभावित भएको यथार्थ अस्वीकार गर्न सकिँदैन । त्यस अर्थमा संस्थागत हस्तक्षेप घटाउने प्रयासलाई पूर्णतः नकार्न पनि मिल्दैन । तर प्रश्न यति मात्र होइन, के संस्थागत प्रतिनिधित्व हटाएर मात्र विश्वविद्यालय “राजनीतिक हस्तक्षेपमुक्त” हुन्छ ? वा यसले निर्णय प्रक्रियालाई अझै केन्द्रीकृत बनाउँदै अर्को प्रकारको प्रभावको ढोका खोल्छ ? देशभर सञ्चालित १८ वटै विश्वविद्यालयको सर्वोच्च निकाय विश्वविद्यालय सभा (सिनेट) बाट प्राध्यापक संघ, कर्मचारी संघ र विद्यार्थी संगठन हटाइएको हो । सरकारले ल्याएको विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेशमार्फत यस्तो व्यवस्था गरिएको छ । विश्वविद्यालयको सिनेटबाट प्राध्यापक संघ, कर्मचारी संघ र विद्यार्थी संगठनको प्रत्यक्ष प्रतिनिधित्व हटाइएपछि उच्च शिक्षामा नीतिगत बहस तीव्र बनेको छ ।

यसअघि प्राध्यापक संघ, कर्मचारी संघ र स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) का निर्वाचित प्रतिनिधिहरू सिनेटमा सहभागी हुँदा विश्वविद्यालयभित्रका विविध आवाज औपचारिक रूपमा सुनिन्थे । नयाँ व्यवस्थाले त्यो संरचनात्मक प्रतिनिधित्व हटाएर व्यक्तिकेन्द्रित छनोट प्रणाली ल्याएको छ, जहाँ अन्तिम अधिकार कुलपतिमा केन्द्रित छ । यसले दक्षता र योग्यतालाई प्राथमिकता दिन सक्ने सम्भावना भए पनि पारदर्शिता र निष्पक्षताको प्रश्न स्वतः उठ्छ । विशेषगरी विद्यार्थी प्रतिनिधित्वको स्वरूप परिवर्तनले दीर्घकालीन प्रभाव पार्न सक्छ । स्ववियूमार्फत आउने प्रतिनिधि लोकतान्त्रिक अभ्यासको प्रतिफल थिए भने अब “आम विद्यार्थी” बाट चयन हुने प्रतिनिधि कति स्वतन्त्र र उत्तरदायी हुन्छन् भन्ने सुनिश्चित गर्ने संयन्त्र अझै अस्पष्ट छ । यदि चयन प्रक्रिया स्पष्ट, प्रतिस्पर्धी र पारदर्शी भएन भने यसले विद्यार्थी आवाजलाई कमजोर बनाउने जोखिम रहन्छ । अर्कोतर्फ, उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारजस्ता नेतृत्व पदका लागि योग्यता तोक्नु सकारात्मक कदम हो । यसले विश्वविद्यालय नेतृत्वमा शैक्षिक दक्षता र अनुभवको न्यूनतम मापदण्ड सुनिश्चित गर्न मद्दत पुऱ्याउन सक्छ । अझ उपकुलपति छनोट समितिको संरचनामा गरिएको सुधारले सिफारिस प्रक्रियालाई केही हदसम्म व्यवस्थित बनाउने अपेक्षा गर्न सकिन्छ । तर सुधारको सार केवल योग्यता निर्धारणमा सीमित हुँदैन; यसको प्रभाव कार्यान्वयनमा देखिन्छ । यदि छनोट प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र उत्तरदायी बनाइएन भने “योग्यता” पनि औपचारिकता मात्र बन्न सक्छ ।

सरकारको निर्णयप्रति प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनको तीव्र विरोधलाई रोकारवालाहरूले सहभागितामाथिको कटौतीको रूपमा बुझेका छन् । लोकतान्त्रिक संस्थाहरूमा सहभागिता र प्रतिनिधित्व केवल औपचारिकता होइन, वैधताको आधार हो । जब निर्णय प्रक्रियाबाट संगठित आवाज हटाइन्छ, त्यसले असन्तोष र अविश्वास बढाउने सम्भावना रहन्छ । जसले दीर्घकालमा प्रशासनिक स्थिरताभन्दा बढी अस्थिरता निम्त्याउन सक्छ । सरकारको सुधार प्रयासलाई सफल बनाउन केही आधारभूत शर्तहरू अनिवार्य छन् । छनोट प्रक्रियामा पारदर्शिता, स्पष्ट मापदण्ड, स्वतन्त्र निगरानी र सबै सरोकारवालाको विश्वास कायम गर्ने संयन्त्र निर्माण गर्नुपर्छ । अन्यथा “राजनीतिक हस्तक्षेप न्यूनीकरण” को नाममा गरिएको केन्द्रीकरणले नयाँ प्रकारको विवाद र असन्तुलन जन्माउन सक्छ । किनकी विश्वविद्यालय केवल प्रशासनिक संरचना होइन, यो विचार, बहस र सहभागिताको थलो हो । सुधारको नाममा यदि यही मूल चरित्र कमजोर बन्यो भने त्यसको दीर्घकालीन मूल्य शिक्षा प्रणालीले चुकाउनुपर्नेछ । त्यसैले विश्वविद्यालय शासनमा नयाँ मोड आएको छ । यसमा सुधार गर्नुपर्छ, जसले संकुचन नगरोस् ।



इन्दु पूर्वेली

नेपालीमा एउटा उखान छ- ‘मर्नुभन्दा बहुलाउनु बेस’ - लोकोक्तीका रुपमा भनिदै, सुनिदै आएका कतिपय उखान टुक्काहरु यथार्थ जीवनमा मेल खाने प्रकृतिका छन् । एकै वाक्यांशमा तिखो ब्यङ्गवाण हान्ने शक्ति बोकेका उखानटुक्काको प्रयोगलाई भाषिक अस्त्र भनेपनि हुन्छ । तर केहीदिनयता राज्यको डोजर आतंक खेपिरहेका काठमाडौंबासीहरुका लागि भने यो उखान ठिक विपरित देखिदैछ । शिक्षा, स्वास्थ्य, रोजगार जस्ता आधारभूत आवश्यकताहरुको गुणस्तर खोज्ने क्रममा गाउँ छोडेर वा गाउँमा गरिखाने केही विकल्प नभएर राजधानी हानिएकाहरुको संघर्षको कथा बेग्लै छ । जन्म र मृत्युबीचको यात्रामा जोडिने सृष्टि सञ्चालनार्थ ब्यक्ति-ब्यक्तिको संघर्ष, स्वतन्त्रता, सफलता र निरन्तरताका कथा बेग्लाबेग्लै होलान्, हुन्छन् । यिनै यथार्थ जीवनकथाका पात्रहरु हुन्- बल्खुका ६१ बर्षीय इन्द्रबहादुर राई र थापाथलीका रविन तामाङ । जसले जीवनभर गरेको संघर्षबाट जोडिएका एक/एक इटा राज्यको क्षणभरको डोजर आतंकले समाप्त पार्ने सूचनामात्रैले पनि जीवन उत्सर्गको बाटो रोजे ।

आफ्नो काँध र नाम्लोको भरमा बल्खुको फलफूल मण्डीमा पसीना बगाएर जोडेको सानो घर - जहाँ स्वतन्त्रता थियो, दिनभरको मेहनतको कमाइबाट साँझ-विहानको भाँडो भरिन्थ्यो, जे पुग्छ - त्यहीभित्र सन्तुष्टी खोजेर परिवारको सुन्दर भविष्य फुल्दै थियो । दुइ दशकदेखिको संघर्षको कथाले त्यहीं विश्राम लियो - जब सरकारको डोजर आतंक ठूलो आवाज दिदै बस्तीभित्र छिर्‍यो । मेहनत र संघर्षले बनाएको सानो टहरो क्षणभरमा भग्नावशेषमा परिणत हुने भएपछि त्यो दृश्य हेर्नुभन्दा नहेरी मर्नु, संघर्ष समाप्त पार्नु र जन्म-मृत्युबीचको यात्रा त्यहीं अन्त्य गर्नु उनको बाध्यता बन्यो र उनी हामफाले - बागमतीमा । आखिर यस्तो अवस्थामा पुर्‍याउने सरकारका प्रमुखलाई आत्महत्या दुरुत्साहनको मुद्दा लाग्छ कि लाग्दैन ?? सामाजिक सञ्जालमा उठेको प्रश्न हो यो । अनि एक्लो श्रमले सिङ्गो परिवारको रोजी-रोटी कमाइरहेका राईको परिवारको मियो अब को हो ??

त्यसो त थापाथलीका तामाङको कथा पनि उस्तै छ । लगभग दुईदशक अघिदेखि बस्दै आएको घर-टहरो केहीक्षणपछि भत्कदैछ भन्ने सरकारी सूचना र डोजर आतंककै कारण उनले आफ्नो थातथलोमै आत्महत्याको बाटो रोजे - जुन घरमा पसीना बगेको थियो, दुःख जमेको थियो, मिहिनेतको इटा कसिएको थियो, त्यो घर छोड्नु र भत्किएको हेर्नुभन्दा पहिला नै घरभित्रै गलपासो किन नकस्ने ?? अनि यहाँबाट निस्किएर वाँच्ने, गरिखाने र ओत लाग्ने विकल्प के ? भन्ने वैकल्पिक ब्यवस्थापनविनै सरकारको डोजर आतंकले काठमाडौंमा मात्रै लाखौं परिवार विस्थापित हुने देखिएको छ । यसले ती नागरिकलाई कहाँ जाने ? के गरिखाने ? परिवार कसरी पाल्ने ? भविष्य कहाँ छ ? प्रश्न उठाएको छ ।

भत्किएको घरका भग्नावशेषभित्र डटपेन-कपी, झोला र असरल्ल छरिएका कितावहरु खोजिरहेका बालबालिका, अब कहाँ जाने भन्दै चिच्याइरहेका नानीहरुको चित्कार, काखे शिशु च्यापेर विलखबन्दमा परेका नागरिक, अपाङ्गता भएका ब्यक्ति, असक्त एवं बृद्धबृद्धा, सुत्केरी, अस्वस्थ शरीर लिएका ब्यक्ति के नागरिक होइनन् र ?? देश उनीहरुको पनि होइन र ?? महामानव वी.पी. कोइरालाले राष्ट्, राष्ट्रियता र सामुहिक भावनाका विषयमा भनेको कुरा यहाँ सान्दर्भिक लाग्छ- ‘निश्चित भूगोलभित्र बसेका नागरिकहरुको साझा भावना राष्ट्रियता हो।’ साँच्चै आज राष्ट् र राष्ट्रियताको अनुभूति गर्न सुकुम्बासीहरुले पाउने कि नपाउने ? उनीहरु नागरिक हुन् की मात्र सुकुम्बासी ?? सुकुम्बासी हुनु, जायजेथा नुहुनु, शहर पसेर संघर्ष गरी खानु के उनीहरुको अपराध हो ? सरकारको नेतृत्व गरिरहेको रास्वपा र अहिलेका प्रधानमन्त्री बालेन्द्र साहसँग यी प्रश्नको जवाफ छ ? ‘म नेपाल हाँसेको हेर्न चाहन्छु...’ भन्ने गीतको अन्तर्य सुकुम्बासीका हकमा लागु हुन्छ कि हुँदैन - प्रधानमन्त्री ज्यू ??

सरकार नामको अमूक ब्यक्तिको कान छैन, आँखामा हरदम कालो चश्मा छ । अनि कालोभित्र सुन्दर देश, समाजको आशा र भरोसा देख्ने नागरिकको दृष्टिभ्रमको चरम उपयोग गर्दै आतंक फिजाइरहेको छ - बस्तीबस्तीभित्र बुलडोजरमार्फत । लगभग दुई महिना अघिमात्रै त हो - ‘सुकुम्बासी बस्तीमा डोजर चले म आएर छाती थाप्छु’ भन्ने रास्वपा का अध्यक्ष रवि लामिछाने र रास्वपा नेता खगेन्द्र सुनारको अभिब्यक्ति आएको । यही अभिब्यक्तिलाई आश्वासन र ढुङ्गाकै अक्षर ठानेका थिए-शायद सुकुम्बासीहरुले पनि जो यो देशका मतदाता हुन् । अनि चुनावी अभियानमा ‘चुपचाप घण्टी छाप’ भन्दै मतदाताले घण्टी हल्लाएको दुईमहिना मात्रै पुग्दैछ । कालो चश्मा, कालै लुगा लगाएर रोड-सो प्रदर्शन गर्दै विना अभिब्यक्ति मतदाताको मन जितेका बालेन्द्र साह यानेकि बालेनले यति छिट्टै यो दुर्दशा निम्त्याउलान् भन्ने कल्पना सम्भवतः कसैले गरेका थिएनन् । देखेका थिए त - युवा मनभित्र आशा, विश्वास र भरोसा, कार्यक्षमता र सक्षमता । अनि लोकतान्त्रिक ब्यवस्थाको अत्यधिक उपभोग गर्दै ‘चुपचाप घण्टी छाप’ मात्रै त हानेका हुन् नागरिकले । यसमा उनीहरुको के गल्ती थियो र ? सैन्य एवं सुरक्षा घेराभित्र राज्यले पठाएको बुलडोजरलाई ‘स्थानीय तहले रास्वपाको काँधमा बन्दुक राखेर पड्काए’ भन्ने रास्वपा अध्यक्षको अभिब्यक्ति उत्तिकै गैरजिम्मेवार र अपरिपक्व छ । अन्य दललाई गाली गरेर आर्जन गरेको शक्ति पुनः गालीमै खर्चिएको स्थितिले राजनीति गाली गर्न सक्नेले मात्रै गर्ने हो ? भन्ने विरोधाभाष मात्रै होइन, निर्वाचन अघि र मत परिणाम प्राप्तिपछि नेताहरुको छेपारे प्रवृत्तिलाई राम्ररी प्रतिविम्बित गरेको छ ।

निर्वाचन परिणामपछि बामनेता घनश्याम भुसालले भनेका थिए, ‘हिजो नालायकको शासन भोगियो, अब लफङ्गाको भोगिने छ ।’ सत्ता शक्तिको दुरुपयोगको शिलशिला हेर्दा साँच्चै हो कि ? जस्तो लाग्न थालेको छ उनको अभिब्यक्ति पनि । प्रजातन्त्र, लोकतन्त्र प्राप्तिपछिका ३२-३५ बर्षमा सत्ता र शक्तिको केन्द्रमा रहने राजनीतिक दलहरुले केही गरेनन् भनेर समिक्षात्मक टिप्पणीभन्दा अति आलोचना गरेर सामाजिक सञ्जाल, मोवाइल एपमार्फत युवा जमातको मनस्थिति परिवर्तन गराएर अल्गोरिदम प्रभाव छोड्ने ब्यक्तिहरु को थिए ?? जसका कारण भदौ २३ र २४ को दुर्घटना निम्तियो । यो नागरिकले सर्वाधिक चासोका साथ सोधिरहेको प्रश्न हो । वर्तमान सरकारको कार्यशैलीले यो प्रश्नलाई अझै बल पुर्‍याएको अनुभुति नागरिकले गर्न थालेका छन् । हिजो सत्ताको दुरुपयोग गरेर नेताहरुले अत्यधिक कमाइ गरे भन्दै आरोप लगाउनेहरुले २५-४० बर्षकै उमेरमा देखाएको सम्पत्तिको स्रोत के हो ? नागरिक प्रश्न गरिरहेका छन् । अनि स्वर्णिम मन्त्रिमण्डलका सामु नागरिकहरुको अभाव, गरिबी, जग्गाविहिनता के पाप हो ?

साँच्चै तथ्याङ्कलाई हेर्ने हो भने राष्ट्रिय भूमि आयोगमा जग्गा प्राप्तिका लागि आवेदन दिनेको संख्या १२ लाख बढी छ । त्यसमध्ये २ लाख ८० हजार वास्तविक सुकुम्बासी छन् भने अरु अब्यवस्थित बसोबासी छन् । उनीहरु सार्वजनिक/सरकारी, बन क्षेत्र, नदीतटीय क्षेत्र र पाखामा बसोबास गरिरहेको तथ्याङ्क छ ।

नेपालको संविधान २०७२ ले नागरिकको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताको ग्यारेन्टी गरेको छ भने सार्वजनिक जमिन, सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय तहलाई तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ९७ मा पनि सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय तहलाई दिइएको छ । संविधान अनुसार सुकुम्बासी ब्यवस्थापनको अधिकार तीनवटै तहका सरकारको जिम्मेवारी हो ।


हिजो देखिएका नागरिक समाजदेखि अधिकारकर्मीहरु सबै कहाँ छन् ? नागरिक, बाल, अल्पसंख्यक, महिला अधिकारका विषयमा वकालत गर्नेहरु आज मौनव्रतमा छन् कि ? सुकुम्बासीमाथि राज्यको आततायी डोजर चलिरहँदा सबैको दृष्टि, श्रवणशक्ति गुमेको छ ।

नेकपा एमालेका अध्यक्ष के.पी. शर्मा ओलीले केही बर्ष अगाडि भनेका थिए- ‘साइबर सेना तयार गर्नु ।’ तर उनी बोलेर नगर्ने, बालेन नबोलेरै गर्ने परेछन् क्यारे - अहिले सामाजिक सञ्जालमा बालेनका साइबर सेना तैनाथ छन् थुप्रै फेक आइडीमार्फत । मोवाइलमा साइबर सेना र सुकुम्बासी बस्तीभित्र सुरक्षा निकायको पहरेदारी छ - डोजरको संरक्षणार्थ । सुरक्षाकर्मीको कार्यशैली पनि फेरिदिएका छन्- आजका शासकले । हिजो नागरिकको सुरक्षा गर्थे - आज बुलडोजरको सुरक्षा गरिरहेका छन् । देशभर रहेको सुकुम्बासी समस्या समाधानका लागि सरकारले चालेको कदम ठिक र बेठिक भन्ने बहस सामाजिक सञ्जालमा छ । एउटा यस्तो साइबर ग्याङ छ - जसले बालेनले जे गरे पनि ठिक भन्छ । बालेनको विरोध गर्नेका विरुद्ध ‘साइबर सेना’ खनिन्छन्, नागरिकको पीडा, बालबालिकाको चित्कारमा खित्का छाडेर हाँस्छन् - ठिक गर्‍यौ ठिक भनेर शासकको क्रुर अमानवीय ब्यवहारलाई बढावा दिन्छन् र सुकुम्बासीहरुको विजोगभित्र उत्सव मनाइरहेका छन् । त्यसको विरोध गरेमा क्षणभरमा कमेन्टमार्फत यसरी इमोसनल ब्ल्याकमेल गरिन्छ कि - जस्तोसुकै काम गरेपनि फेरि कोहीपनि बालेनका विरुद्ध नबोलोस् ।

अर्को आश्चर्यलाग्दो कुरा त के छ भने हिजो देखिएका नागरिक समाजदेखि अधिकारकर्मीहरु सबै कहाँ छन् ? नागरिक, बाल, अल्पसंख्यक, महिला अधिकारका विषयमा वकालत गर्नेहरु आज मौनव्रतमा छन् कि ? सुकुम्बासीमाथि राज्यको आततायी डोजर चलिरहँदा सबैको दृष्टि, श्रवणशक्ति गुमेको छ । सरकार नामको अमूक ब्यक्तिको कान छैन, आँखामा हरदम कालो चश्मा छ । अनि कालोभित्र सुन्दर देश, समाजको आशा र भरोसा देख्ने नागरिकको दृष्टिभ्रमको चरम उपयोग गर्दै आतंक फिजाइरहेको छ - बस्तीबस्तीभित्र बुलडोजरमार्फत ।

यहाँ कुनै बम बारुद चलेको छैन, कुनै देशले आक्रमण गरेको पनि छैन तर काठमाडौंको दृश्य गाँजा, जेरुसेलम र इरानमा देखिएको भन्दा कम छैन । यहाँ त केवल निरिह नागरिकका सामु बुलडोजर मात्रै चलेको न हो । नागरिकका काँधमा स-सानो कुम्लो, झिटीझ्याम्टा छ, बालबच्चाको चित्कार छ, इटा, टिनका भग्नावशेषमाथि जबर जस्त ओछ्याइएको विछ्यौनामा बालबालिका भविष्यको नेपालको शपना देखिरहेका छन् - मतदाताका रुपमा । कापी, किताव, कलम, शिक्षा, गाँस, बास, कपास हराएको छ । आफन्त वियोगको पीडा एकाध परिवारमा मात्रै सिमित होला तर भरे कहाँ जाने ? के खाने ? कहाँ सुत्ने ? के गर्ने ? भन्ने अन्योलले गाँजेको छ । जीवनको खुशी र हाँसो खोसिएको छ, स्वतन्त्रता त परको कुरा भयो । सुकुम्बासीहरुलाई राखिएका सेल्टरभित्रको कथा झन् अत्यासलाग्दो छ - सञ्चारकर्मीले समेत फोटो खिच्नै नपाइने । भेटघाट गर्नै नपाइने । त्यहाँभित्रको राम्रो कथा सुरक्षार्थ खटिएका राष्ट्रसेवकले ल्याउँछन्, राम्रो नराम्रो सबै समेटिएको कथा अरुले लेख्नै, देख्नै नपाइने । हिजो चुपचाप घण्टी छाप भनेका नागरिकहरुले अब ‘चुपचाप झिटी गुण्टा च्याप अनि भाग’ गर्नुपर्ने ? साँच्चै सुकुम्बासीका नाममा केही हुकुमबासीहरु थिए होलान् - बस्तीभित्र । तर सरकारको आबारा शैलीले नागरिकको क्रन्धनको सम्बोधन गर्न सक्ला ? प्रश्न छ । देशभरमा कति सुकुम्बासी थिए र छन् ? उनीहरुको ब्यवस्थापन कहाँ र कुन स्थानमा गर्न सकिन्छ ? भन्ने एकिन तथ्याङ्क निकालेर साँच्चै सुकुम्बासीहरुको घर-बासको ग्यारेन्टी गरी हुकुमबासीहरुलाई घरबास छोड्ने सूचना दिएको भए नागरिकले राज्यआतंक महसुस गर्ने थिएनन्, पशुवत जीवन जिउनुपर्ने थिएन । नागरिकको यही प्रकृतिको विल्लीबाठ पनि हुने थिएन र सरकारप्रतिको जनविश्वास थप बढ्ने निश्चित थियो । साँच्चै यतिबेला कवि भुपी शेरचनको ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कविताले दिएको सन्देश जीवन्त लाग्छ । सत्ता र शक्तिको उन्मादमा आफूलाई ‘अन्धो, बहिरो’ र शक्तिसम्पन्न देख्नेहरुले नागरिकको प्रशासनिक काममा गरेको ढिलाईप्रति उक्त कविताले तीखो ब्यङ्ग गरेको थियो ।

# सुकुम्बासीमाथि सरकारको निर्मम दमन



रिता परियार

यो सरकार झण्डै दुईतिहाइ बहुमत ल्याएर बनेको सरकार हो । त्यसैले केही आशा र भरोसा त पक्कै हे नै भयो । सुरुकै दिनमा वर्षौंसम्म राज्यद्वारा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा पछाडि पारीएको दलित समुदाय सगं क्षमा माग्ने काम गर्यो । यद्यपि, केवल क्षमा काफी हुँदैन; संसारभरको इतिहास गवा छ; अमेरिकाले अफ्रिकी-अमेरिकी समुदायमाथिको दासप्रथा र जातीय दमनलाई स्वीकार गर्दै माफी माग्ने, क्षतिपूर्तिका लागि बहस गर्ने र सकारात्मक विभेदजस्ता नीतिमार्फत शिक्षा, रोजगारी र अवसरमा ऐतिहासिक रूपमा पछाडि परेका समुदायलाई प्राथमिकता दिने प्रयास गरेको छ ।

त्यसैगरी, नेपालमा दलित समुदायप्रति कानुनी र संवैधानिक सम्बोधन गरी संरचनागत परिवर्तन जरुरी छ । तर पनि हामीले त्यो क्षणलाई सकारात्मक संकेतका रूपमा हेर्‍यौं । लाग्यो- सायद यो सरकार पुरानो राजनीतिक संस्कारभन्दा माथि उठ्नेछ र मैले सोच बनाएँ- ६ महिना त सरकारप्रति कटाक्ष नगरौं । काम गर्न दिऊँ । केही समयमै यसको असली रङ देखियो । नेपालीमा एउटा उखान छ- बाघको छालामा स्यालको रजाइँ भनेझैं । नेपालको राजनीति सधैं शक्ति, समय, गठबन्धन र अवसरवादको खेलमा अल्झिँदै आएको छ । यहाँ नैतिकता, सामाजिक न्याय र जनताको अधिकारभन्दा धेरैपटक सत्ताको गणित, रणनीतिक चातुर्य र संस्थागत नियन्त्रणलाई प्राथमिकता दिइन्छ । इतिहासले देखाएको छ- राजनीतिक दलहरूले नेपालमा प्रणाली बदल्न सफल भए पनि राजनीतिक संस्कार बदल्न असफल भएका छन् । शासनका स्वरूप फेरिए, तर सत्ताको चरित्रमा क्रूरता, अवसरवाद र कमजोरमाथिको दमन निरन्तर दोहोरिइरहेको छ ।

१८४६ सालको कोतपर्व यसको सबैभन्दा क्रूर उदाहरण हो । हजारौं निर्दोषको रगत बगाएर जंगबहादुर राणाले सत्ता कब्जा गरे । त्यो कुनै राष्ट्रिय आदर्शको आन्दोलन थिएन; त्यो सत्ता लिप्साको नग्न प्रदर्शन थियो । परिणामस्वरूप नेपालले १०४ वर्ष लामो राणा निरंकुशता भोग्नुपऱ्यो ।

त्यसपछि २००७ सालको प्रजातान्त्रिक आन्दोलन आयो । २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्था पुनर्स्थापित गऱ्यो । २०६२/६३ को जनआन्दोलनले प्रत्यक्ष राजतन्त्र अन्त्य गर्दै गणतन्त्र स्थापना गऱ्यो । यी सबै आन्दोलनले जनतालाई आशा दिए- समावेशिता, सामाजिक न्याय, उत्तरदायित्व र लोकतान्त्रिक पुनर्संरचनाको । तर विडम्बना के रह्यो भने, प्रणाली फेरिए, शासनका स्वरुप फेरिए, संविधान फेरियो- तर, सत्ता संस्कृतिमा रहेका धेरै पुराना रोग जीवित नै रहे । भ्रष्टाचार, गुटवाद, अवसरवाद, शक्ति केन्द्रीकरण र सबैभन्दा महत्त्वपूर्ण कमजोरमाथिको राज्यको दमन । आज पनि त्यही चरित्र नयाँ भाषामा, नयाँ नारामा, नयाँ संरचनामा पुनः दोहोरिँदै छ । विशेष गरी जब कुनै दलले अत्यधिक बहुमत वा दुईतिहाइनजिकको शक्ति प्राप्त गर्छ, तब लोकतान्त्रिक उत्तरदायित्व बलियो हुनुको सट्टा प्रायः शक्ति केन्द्रीकरण, आलोचनाप्रति असहिष्णुता र राज्यसंयन्त्रको कठोर प्रयोग बढ्ने जोखिम देखिन्छ । जनादेशलाई सेवा र संरचनात्मक सुधारको अवसरका रूपमा लिनुपर्ने ठाउँमा धेरै नेतृत्वले त्यसलाई नियन्त्रण, प्रभुत्व र असहमति दबाउने उपकरणका रूपमा प्रयोग गरेका उदाहरणहरू बारम्बार देखिएका छन् । आजको नयाँ नेपालमा पुराना राजनीतिक पार्टीहरूलाई गाली गर्दै युवाहरूको प्रतिनिधित्व गरेको शक्तिशाली सरकारबाट जनताले स्थिरता, विकास र सामाजिक न्यायको अपेक्षा गरेका थिए । तर, व्यवहारमा, ठूलो बहुमतले कहिलेकाहीँ जनउत्तरदायित्वभन्दा बढी राजनीतिक अहंकार जन्माएको छ । जब सत्ता बलियो हुन्छ, तब कमजोर समुदायहरू- विशेषतः सुकुम्बासी, शहरी गरिब, दलित, मजदुर र अनौपचारिक बस्तीमा बस्ने नागरिक राज्यीको निसाना बन्छन् नेपाललाई आज केवल शक्तिशाली सरकार होइन, नैतिक सरकार चाहिएको छ । यस्तो सरकार, जसले विकास र मानवताबीच सन्तुलन राखोस् । यस्तो राजनीति, जसले गरिबलाई दृश्य प्रदूषण होइन, नागरिकको रूपमा देखोस् । यस्तो नेतृत्व, जसले संख्या होइन, संवेदना बुझोस् ।

काठमाडौं उपत्यकालगायत विभिन्न शहरी क्षेत्रमा देखिएका अव्यवस्थित बस्ती हटाउने अभियानहरूले यही गम्भीर प्रश्न उठाएका छन् । विकास, सौन्दर्यीकरण वा नदी किनार संरक्षणको नाममा हजारौँ सीमान्तकृत परिवार हरूको घर डोजर लगाएर भत्काइयो, तर वैकल्पिक बसोबास, पुनर्स्थापना वा मानवीय सुरक्षा सुनिश्चित नगरिएको घटनाले राज्यको संवेदनशीलता माथि गम्भीर प्रश्न खडा गरेको छ ।

जब गरिबका झुपडीहरू भत्काइन्छन्, त्यो केवल संरचना नष्ट गर्नु मात्र होइन, त्यो उनीहरूको अस्तित्व, सुरक्षा, बालबालिकाको भविष्य, श्रमजीवी जीवन र मानवीय सम्मानमाथिको प्रहार पनि हो । विकासको नाममा यदि राज्यले कमजोर नागरिकलाई विस्थापित गर्छ तर पुनर्वासको आधार तयार गर्दैन भने त्यो नीति मात्र होइन, संरचनागत क्रूरता हो ।

यो विडम्बना हो कि राजनीतिक भाषणहरूमा समावेशिता, सामाजिक न्याय, जनताकेन्द्रित शासनजस्ता शब्दहरू प्रयोग गरिन्छन्, तर व्यवहारमा सबैभन्दा कमजोर वर्गमाथि नै राज्य दमनमा उत्रिन्छ । सुकुम्बासीलाई मान्छे होइन भोट दिने मेसिनको रूपमा प्रयोग गरियो । शक्तिशाली वर्गको अवैध कब्जा, ठूला भ्रष्टाचार वा राजनीतिक पहुँच भएका समूहहरूमाथि राज्यको कठोरता अक्सर कमजोर देखिन्छ, तर सुकुम्बासी बस्तीमा भने डोजर छिटो पुग्छ । यहीँबाट राज्यको वर्गीय चरित्र उजागर हुन्छ ।

दुईतिहाइ वा अत्यधिक बहुमत भएको सरकारको मूल परीक्षा संसदमा संख्या होइन, कमजोर नागरिकप्रति उसको व्यवहार हो । यदि बहुमतले लोकतन्त्रलाई जनसेवा होइन, दमनकारी प्रशासनमा रूपान्तरण गर्छ भने त्यो लोकतान्त्रिक वैधताभित्रको अधिनायकवादी प्रवृत्ति बन्न सक्छ ।

विश्व इतिहासले पनि देखाएको छ कि अत्यधिक शक्तिले प्रायः उत्तरदायित्व कमजोर पार्छ । चाहे त्यो दक्षिण एसियाली सत्ता केन्द्रीकरण होस्, ल्याटिन अमेरिकी अधिनायकवाद वा अफ्रिकी तानाशाही- जब राजनीतिक शक्ति सन्तुलनहीन हुन्छ, सबैभन्दा ठूलो मूल्य सीमान्तकृत समुदायले चुकाएको पाइएको छ । यदि सरकार विकासको भाष्यमा मात्र केन्द्रित हुन्छ तर विकासको सामाजिक मूल्यांकन गर्दैन भने पूर्वाधार निर्माणले नागरिक अधिकार कुल्चिन्छ । सडक, नदी नियन्त्रण, शहरी योजना वा लगानी परियोजना महत्त्वपूर्ण हुन्, तर मानव जीवनभन्दा माथि होइनन् ।

राजनीतिक क्रूरताको अर्को आयाम भनेको गरिबलाई समस्या देख्ने तर गरिबीको संरचनागत कारणलाई बेवास्ता गर्नु हो । भूमिहीनता, बेरोजगारी, वर्गीय विभाजन, शिक्षा असमानता र राज्यको पहुँचको कमी समाधान नगरी केवल बस्ती हटाउनु समाधान होइन; त्यो त गरिबीलाई अर्को स्थानमा धकेल्नु मात्र हो ।

यदि बहुमतप्राप्त दलहरूले आफ्नो राजनीतिक शक्ति सामाजिक न्यायको सट्टा नियन्त्रण र विस्थापनमा प्रयोग गर्छन् भने त्यो जनादेशको सम्मान होइन, जनविश्वासको दुरुपयोग हो ।

राजनीतिक नेतृत्वको वास्तविक परिपक्वता त्यतिबेला देखिन्छ, जब उसले सबैभन्दा कमजोर नागरिकको अधिकार जोगाउँछ । घर भत्काउनु सजिलो छ । जीवन पुनर्निर्माण गर्नु कठिन छ । राज्यको दायित्व दोस्रो पक्षमा हुनुपर्छ ।

नेपाललाई आज केवल शक्तिशाली सरकार होइन, नैतिक सरकार चाहिएको छ । यस्तो सरकार, जसले विकास र मानवताबीच सन्तुलन राखोस् । यस्तो राजनीति, जसले गरिबलाई दृश्य प्रदूषण होइन, नागरिकको रूपमा देखोस् । यस्तो नेतृत्व, जसले संख्या होइन, संवेदना बुझोस् ।

नत्र दुईतिहाइ बहुमत लोकतन्त्रको शक्ति नभई कमजोर जनतामाथिको संरचनागत दमनमा रूपान्तरण हुन सक्छ । लोकतन्त्रको अन्तिम मापन सत्ता कति बलियो छ भन्ने होइन कि सबैभन्दा कमजोर नागरिक कति सुरक्षित छन् भन्ने हो ।

# सुकुमवासीको वैकल्पिक व्यवस्थाको माग

**कााँक्रेविहार संवाददाता**
बर्दिया, २२ वैशाख



वनक्षेत्रभित्र रहेका सुकुमवासी बस्ती खाली गर्न जारी गरिएको सूचनापछि स्थानीयवासीले वैकल्पिक व्यवस्था र पुनर्स्थापनाको माग गरेका छन् । डिभिजन वन कार्यालय बर्दिया ले एक साता अघि विभिन्न वनक्षेत्रमा बसोबास गर्दै आएका बस्तीहरूलाई १५ दिनभित्र खाली गर्न सार्वजनिक सूचना जारी गरेपछि प्रभावित समुदायले तत्काल विकल्प नदिइएको भन्दै आपत्ति जनाएका हुन् ।

मधुवन नगरपालिका अन्तर्गत कोठियाघाट सामुदायिक वन, माचडचोक, गुलरिया नगरपालिका दुईको सङ्गमबस्ती, बारबर्दिया नगरपालिका क्षेत्रका खुरखुरेफाँटा र रामबस्ती लगायतका स्थानमा बसोबास गर्दै आएका परिवार हरूले सूचनापछि आफ्नो दैनिक जीवन प्रभावित भएको बताएका छन् ।

उनीहरू अधिकांश ज्याला मजदुरीमा निर्भर भएकाले कामकाजसमेत प्रभावित भएको गुनासो छ । वन कार्यालयका अनुसार २०७४ सालयता जिल्लामा करिब तीन सय हेक्टर वनक्षेत्र अतिक्रमण भएको छ ।

अतिक्रमित क्षेत्र खाली गराउन यसअघि पनि पटक-पटक सूचना जारी भए पनि कार्यान्वयन हुन नसकेको कार्यालयले जनाएको छ । यस पटक भने कडाइका साथ प्रक्रिया अघि बढाइएको बताइएको छ ।

स्थानीयवासी कपिल शाहीले सुकुमवासीको दीर्घकालीन व्यवस्थापन नगरी बस्ती हटाउने निर्णय उपयुक्त नभएको बताए ।

उनले सरकारले विकल्पसहित पुनर्स्थापना गर्नुपर्ने माग गरे त्यस्तै मधुवन तिनका वीरबल शाहीले दशकौँदेखि बसोबास गर्दै आएको भए पनि आफूहरूको उद्देश्य वन विनाश नभएको स्पष्ट पारे ।

सङ्गमबस्तीमा मात्र करिब एक हजार घरपरिवार २०६० सालअघिदेखि बसोबास गर्दै आएका छन् । तीमध्ये धेरैजसो रुकुम, जाजरकोट, दैलेखलगायत पहाडी जिल्लाबाट आएका परिवार रहेको बताइन्छ ।

यसैबीच राजनीतिक दलका प्रतिनिधिहरू पनि बस्तीमा पुगेर स्थिति अवलोकन गरेका छन् । विभिन्न दलका नेताहरूले तत्काल सुकुमवासी हटाउने प्रक्रिया रोक्नुपर्ने धारणा राखेका छन् भने प्रभावित समुदायले दिगो समाधानसहितको सरकारी योजना आवश्यक रहेको बताएका छन् ।

# विद्युत सुधार अभियान तीव्र

**कााँक्रेविहार संवाददाता**
नेपालगञ्ज, २२ वैशाख



बाँके जिल्लामा विद्युत आपूर्ति सहज बनाउन र उपभोक्तालाई समस्या नपर्ने गरी नेपाल विद्युत प्राधिकरण, नेपालगन्ज वितरण केन्द्रले सुधार अभियानलाई तीव्र पारेको जनाएको छ ।

गर्मी याममा प्रत्येक वर्ष नेपालगन्ज, कोहलपुर, खजुरा र राँझालगायत क्षेत्रमा विद्युत आपूर्तिमा समस्या देखिँदै आएकोमा यस वर्ष उक्त समस्या न्यूनीकरण गर्न विभिन्न सुधारात्मक कार्य निरन्तर भइरहेको नेपाल विद्युत प्राधिकरण नेपालगन्ज वितरण केन्द्रका प्रमुख संजयकुमार मिश्रले बताए ।

उनका अनुसार विद्युत आपूर्तिमा सुधार ल्याउने र अनियमितता नियन्त्रण गर्ने उद्देश्यले वितरण केन्द्रका कर्मचारीहरू स्वयं फिल्डमा खटिएर काम गरिरहेका छन् ।

सार्वजनिक बिदाका दिनमा समेत टोलीले स्थलगत निरीक्षण गर्दै सिँचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे नियमित अनुगमन गरिरहेको उहाँले जानकारी दिए ।

वितरण केन्द्रका अनुसार पछिल्लो तीन महिनामा पाँच वटा नयाँ फिडर थपिएपछि ओभरलोड समस्या घटेको छ ।

यसले गर्मीयाममा विद्युत आपूर्ति अवरुद्ध हुने समस्या न्यूनीकरण हुने अपेक्षा गरिएको केन्द्रले जनाएको छ । यसैबीच, वितरण प्रणाली सुधारसँगै बक्यौता असुली अभियान पनि कडाइका साथ अघि बढाइएको छ ।

पाँच महिनाको अवधिमा पाँच हजारभन्दा बढी ग्राहकको लाइन काटिएको र तीमध्ये चार हजारभन्दा बढी ग्राहकबाट करिब सात करोड रुपैयाँ असुल गरी पुनः सेवा सञ्चालन गरिएको केन्द्रले जनाएको छ । लेखा अधिकृत नन्दसिंह सिकर्मीका अनुसार लामो समयदेखि महसुल नबुझाउने ग्राहकहरूबाट बक्यौता असुली तीव्र पारिएपछि विद्युत महसुल बुझाउने क्रम बढेको छ ।

उनले वितरण सुधार र बक्यौता असुली दुवै काम समानान्तर रूपमा अघि बढाइएको स्पष्ट पारे  अनुगमनका क्रममा सिँचाइ प्रयोजनका लागि जडान गरिएका मिटर अन्य प्रयोजनमा प्रयोग भएको समेत भेटिएपछि आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको वितरण केन्द्रले जनाएको छ ।

ग्रामीण क्षेत्रमा सिँचाइ मिटरको दुरुपयोगको गुनासो बढेपछि गाउँस्तरमै पुगेर अनुगमन गर्ने कार्य निरन्तर जारी रहेको केन्द्रको भनाइ छ ।

# आँखा शिविरबाट आठ सय ११ लाभान्वित



**कााँक्रेविहार संवाददाता**
सल्यान, २२ वैशाख

सल्यान जिल्लाको दार्मा गाउँपालिकामा सञ्चालन गरिएको निःशुल्क आँखा शिविरबाट एक सय १८ जना स्थानीयवासी लाभान्वित भएका छन् । दार्मा गाउँपालिकाको आयोजनामा तथा नेपाल नेत्रज्योति संघ अन्तर्गत राप्ती आँखा अस्पताल, रक्षाचौर (दाङ)को प्राविधिक सहयोगमा उक्त शिविर सञ्चालन गरिएको हो । दार्मा गाउँपालिका-३ स्थित दार्मा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आयोजित शिविरमा आँखा परीक्षणसँगै मोतिविन्दुको शल्यक्रिया सेवा पनि प्रदान गरिएको थियो ।

गाउँपालिकाका अनुसार शिविरमा सेवा लिएका एक सय १८ जनामध्ये ३८ जनाको मोतिविन्दुको सफल शल्यक्रिया गरिएको छ ।

शल्यक्रिया गरिएकामध्ये १६ जना पुरुष र २२ जना महिला रहेका छन् । गाउँपालिका स्वास्थ्य शाखा प्रमुख यज्ञ बस्नेतले शिविरमार्फत दुर्गम क्षेत्रका स्थानीयवासीले आफ्नै गाउँमै विशेषज्ञ सेवा पाएको उल्लेख गरे । उनका अनुसार यस्ता कार्यक्रमले दृष्टिसम्बन्धी समस्याको समयमै पहिचान तथा उपचारमा महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउन यस्ता शिविर प्रभावकारी हुने भएकाले आगामी दिनमा पनि निरन्तरता दिइने बताए ।

शिविरमा संलग्न आँखा विशेषज्ञ डा. क्षमता सुवेदीले गाउँमै पुगेर सेवा दिन पाउँदा खुशी व्यक्त गर्दै यसले धेरै बिरामीलाई समयमै उपचार पाउन सहयोग गरेको बताए ।

# ग्यास अभावले महिलाको कार्य बोझ बढ्यो



**कााँक्रेविहार संवाददाता**
कालिकोट, २२ वैशाख

बजारमा खाना पकाउने ग्यासको अभाव भएपछि कालीकोटका विभिन्न स्थानमा महिलाको कार्यबोझ उल्लेख्य रूपमा बढेको छ ।

ग्यास उपलब्ध नभएपछि खाना पकाउनका लागि दाउराको भर पर्नु परेको र त्यसका लागि महिलाहरू वनजङ्गल धाउन बाध्य भएका छन् ।

मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण नेपालमा ग्यास आपूर्तिमा समस्या देखिएको छ, जसको प्रभाव कालीकोटजस्ता दुर्गम जिल्लासम्म पुगेको छ ।

पछिल्लो समय बजार क्षेत्रसँगै गाउँमा पनि ग्यासको प्रयोग बढ्दै गएको थियो । तर, अहिले बजारमै ग्यास नपाइने अवस्थाले ग्रामीण भेगका घरधुरीमा प्रत्यक्ष असर पारेको छ ।

विशेषगरी पुरुषहरू रोजगारीका लागि घरबाहिर रहने हुँदा घरायसी कामको मुख्य जिम्मेवारी महिलामाथि नै पर्ने गरेको छ ।

ग्यास अभाव भएपछि उनीहरूलाई खाना पकाउने वैकल्पिक स्रोतको रूपमा दाउरा खोज्न वनतिर जानु परिरहेको छ, जसले दैनिक श्रम र समय दुवै बढाएको छ । खाँडाचक्र नगरपालिका चार की २८ वर्षीया रेशमा विश्वकर्माले ग्यास अभाव सुरु भएसँगै आफ्नो कार्यबोझ बढेको बताइन ।

उनका अनुसार सिलिन्डरको मूल्यवृद्धिले समेत समस्या झन् चर्किएको छ । दाउरा प्रयोग गर्न छाडेको नौ वर्षपछि फेरि पुरानै अवस्थातिर फर्किनु परेको छ उनले भनिन्  । त्यसैगरी, सोही स्थानकी सुमित्रा विश्वकर्माले बिहानै घरबाट निस्केर करिब तीन घण्टा टाढाको जङ्गलमा पुगेर दाउरा संकलन गर्नुपर्ने बाध्यता रहेको बताइन् । ग्यास महँगो र अभाव भएपछि दाउराको विकल्प रोज्नुपरेको छ उनले गुनासो गरिन् । उनले  सरकारले ग्यासको मूल्य नियन्त्रण र आपूर्ति सहज बनाउन ध्यान दिनुपर्ने माग गरिन् ।  पाल्त महादेव सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रविलाल पाण्डेका अनुसार पछिल्लो समय जङ्गलमा दाउरा खोज्न जानेको संख्या उल्लेख्य रूपमा बढेको छ ।

चैत महिनायता उपभोक्ताको संख्या पहिलेभन्दा दोब्बर भएको छ, उनले भनिन् उनका अनुसार यसले वन क्षेत्रमा दबाब बढाएको छ र काँचो रुख कटान हुने जोखिम पनि बढ्दै गएको छ ।  रास्कोट नगरपालिका लगायतका क्षेत्रमा त दाउरा समेत अभाव हुन थालेको स्थानीयले बताएका छन् ।  ग्यास अभाव र वैकल्पिक स्रोतको कमीले सर्वसाधारणको दैनिकी झन् कठिन बन्दै गएको छ ।

## अनुदानको...

गाउँपालिकाको भागमा एक करोड तीन लाख मात्र परेको छ ।

सात स्थानीय तह रहेको जाजरकोटमा भेरी नगरपालिकाले एक करोड ५९ लाख पाउँदा सबैभन्दा कम शिवालय गाउँपालिकाले ९६ करोड १९ लाख अनुदानवापतको रकम प्राप्त गर्ने भएको छ । ६ स्थानीय तह रहेको सल्यानमा शारदा नगरपालिकाले एक करोड ६२ लाख रुपैयाँ अनुदान सिलिङ पाउँदा सिद्धकुमाख गाउँपालिकाले भने ९० लाखभन्दा कम (८७ लाख ११ हजार) पाउने भएको छ ।

रुकुम पश्चिमका ६ स्थानीय तहमध्ये सबैभन्दा बढी मुसिकोट नगरपालिकाले एक करोड ६२ लाख ४३ हजारको सिलिङ पाउँदा कम बाँफिकोट गाउँपालिकाले एक करोड नौ लाख ३२ हजार पाएको छ ।

नौ स्थानीय तह रहेको कालीकोटमा खाँडाचक्र नगरपालिकाले सबैभन्दा धेरै एक करोड ८८ लाख र सबैभन्दा कम महावै गाउँपालिकाले एक करोड एक लाख अनुदान प्राप्त गरेका छन् ।

यस्तै, आठ स्थानीय तह रहेको जुम्लामा चन्दननाथ नगरपालिकाले सबैभन्दा बढी एक करोड ८२ लाख प्राप्त गर्दा हिमा गाउँपालिकाले एक करोड १३ लाख प्राप्त गरेको छ ।

# पूर्णखोप सुनिश्चितता वडा घोषणा

**कााँक्रेविहार संवाददाता**
जुम्ला, २२ वैशाख

तातोपानी गाउँपालिका वडा नं. २ लाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा गरिएको छ । गाउँपालिकालाई पूर्णखोप सुनिश्चित बनाउने वार्षिक कार्यक्रम अनुसार वडास्तरबाट घोषणा गर्ने अभियान अन्तर्गत मंगलबार वडा नं २ लाई औपचारिक रूपमा पूर्णखोप सुनिश्चितता वडा घोषणा गरिएको हो ।

वडा नं. २ का अध्यक्ष चन्द्रमान बुढाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा गरिएको तातोपानी स्वास्थ्य चौकीका इन्चार्ज जंग रावलले जानकारी दिए ।

उनका अनुसार सबै खोप उमेर समूहका बालबालिकालाई खोपको पहुँचमा ल्याउने, नियमित खोप सेवा सुनिश्चित गर्ने र समुदायस्तरमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित उक्त घोषणा गरिएको हो ।



घरधुरी सर्वेक्षणका क्रममा वडा नं २ मा १२ देखि २३ महिनासम्मका ६८ जना बालबालिका पहिचान गरिएको थियो ।

तीमध्ये २६ जनाले नियमित खोप सेवा प्राप्त गरिसकेका छन् भने चालु आर्थिक वर्षको साउन महिनायता थप १९ जना बालबालिकाले पूर्ण खोप प्राप्त गरेका छन् ।

यससँगै वडामा खोप सेवा पहुँच सुनिश्चित भएको जनाउँदै स्थानीय तहले वडालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा गरेको हो ।

आठ वटा वडा रहेको तातोपानी गाउँपालिकामा यसअघि वडा नं. १ लाई पनि पूर्णखोप सुनिश्चितता वडा घोषणा गरिसकिएको छ ।

अन्य वडाहरूलाई पनि क्रमशः घोषणा गर्ने तयारी भइरहेको छ । गाउँपालिकाले सबै वडामा खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्दै शतप्रतिशत बालबालिकालाई खोपको दायरामा ल्याउने लक्ष्य राखेको जनाएको छ ।

वडा अध्यक्ष चन्द्रमान बुढाले नियमित कार्यक्रम अनुसार खोप उमेर समूहका सबै बालवालिकालाई खोपको पहुँचमा ल्याउने सुनिश्चिततासहित वडादेखि पालिका हुँदै जिल्लास्तरसम्म घोषणा गर्ने प्रक्रिया अघि बढाइएको बताए ।

उनले स्वास्थ्य क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भए पनि वडा नं. २ मा स्वास्थ्यकर्मीको अभाव प्रमुख चुनौतीका रूपमा रहेको उल्लेख गर्दै आवश्यक जनशक्ति व्यवस्थापनका लागि गाउँपालिकामा निरन्तर पहल भइरहेको जानकारी दिए ।

स्थानीय तहले पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई दीगो बनाउन समुदाय, स्वास्थ्यकर्मी र जनप्रतिनिधिको सहकार्य आवश्यक रहेको बताउँदै आगामी दिनमा सेवा अझ प्रभावकारी बनाइने प्रतिबद्धता जनाएको छ ।

# हिल्सा नाका बन्द, आयात प्रभावित



**कााँक्रेविहार संवाददाता**
हुम्ला, २२ वैशाख

हिल्सा नाका बन्द गरिएको छ । चीनसँग सिमाना जोडिएको यो उत्तरी नाका वैशाख पूर्णिमाका अवसरमा बन्द हुँदा हुम्ला जिल्लामा हुने दैनिक उपभोग्य सामग्रीको आयात प्रभावित भएको छ । चीनको पुराङ काउन्टी अन्तर्गत पर्ने ताक्लाकोट क्षेत्रमा चाडपर्वका कारण सार्वजनिक बिदा दिइएकोले नाका अस्थायी रूपमा बन्द गरिएको हो ।

यससँगै ताक्लाकोटबाट हिल्सा हुँदै नेपाल भित्रिने सामानको आवागमन पूर्ण रूपमा रोकिएको छ । सशस्त्र प्रहरी बल को सीमासुरक्षा चौकी हिल्साका सशस्त्र प्रहरी नायब उपरीक्षक कृष्ण दाहालका अनुसार शनिबारदेखि बुधबारसम्म नाका बन्द रहने छ ।

उनले वैशाख पूर्णिमाको अवसरमा चीनतर्फ चाडपर्व मनाइने भएकाले सो अवधिभर आयातमा पूर्ण रोक लगाइएको जानकारी दिए ।

हिल्सा नाका हुम्ला जिल्लाको प्रमुख व्यापारिक नाका हो । जहाँबाट खाद्यान्न, लत्ताकपडा, निर्माण सामग्रील कगायतका वस्तुहरू आयात हुँदै आएका छन् ।

नाका बन्द हुँदा स्थानीय बजारमा आपूर्ति प्रभावित हुने र केही सामग्रीको अभाव हुन सक्ने स्थानीय व्यापारीहरूको भनाइ छ ।

यद्यपि, नाका केही दिनपछि पुनः सञ्चालनमा आउने अपेक्षा गरिएको छ । नियमित आपूर्ति प्रणाली कायम राख्न स्थानीय प्रशासन र सुरक्षाकर्मीहरूले आवश्यक समन्वय गरिरहेका छन् ।

# केन्द्रीय विद्युत् लाइन विस्तार

**कााँक्रेविहार संवाददाता**
रूकुमपश्चिम, २२ वैशाख

जिल्लाको आठबिसकोट नगरपालिका वडा नं. ११ अन्तर्गतका विभिन्न बस्तीमा केन्द्रीय विद्युत् लाइन विस्तार गरिएको छ । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र रुकुमपश्चिमले उक्त क्षेत्रमा नयाँ ट्रान्सफर्मर जडान, ११ केभि प्रसारण लाइन विस्तार तथा लाइन चार्ज गर्ने कार्य सम्पन्न भएको जनाएको हो । वितरण केन्द्रका प्राविधिक प्रमुख पारस सुवेदीका अनुसार वडा नं. ११ को चिसापानीदेखि डाँडागाउँसम्म पूर्ण रूपमा नयाँ ११ केभि प्रसारण लाइन जडान गरिएको छ । यसअघि सो क्षेत्रमा केन्द्रीय विद्युत् सेवा नपुगेकाले स्थानीय बासिन्दा अध्यारोमै बस्न बाध्य थिए । त्यसैगरी, सोही वडाअन्तर्गत पर्ने डाँडागाउँ र फारुला बस्तीमा नयाँ ट्रान्सफर्मर जडान गरिएको छ ।  डाँडागाउँमा ५० केभि क्षमताको र फारुलामा १५ केभि क्षमताको ट्रान्सफर्मर जडान गरिएको प्राविधिक प्रमुख सुवेदीले जानकारी दिए । नयाँ ट्रान्सफर्मर जडानसँगै ती बस्तीमा वितरण लाइनसमेत विस्तार गरी विद्युत् सेवा नियमित रूपमा सञ्चालनमा ल्याइएको छ ।ट्रान्सफर्मर चार्ज भएसँगै स्थानीयले विद्युत् उपभोग गर्न थालेका छन् ।

विद्युत् विस्तारसँगै स्थानीय बासिन्दाको दैनिक जीवनमा सहजता आउने, घरेलु कामकाज, शिक्षा र साना व्यवसाय सञ्चालनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । साथै, यसले ग्रामीण क्षेत्रको समग्र विकासमा टेवा पुर्‍याउने विश्वास गरिएको छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# सुर्खेत विमानस्थल र विकास परियोजना अघि बढ्दैः सांसद सापकोटा

**कांक्रेविहार संवाददाता**
सुर्खेत, २२ वैशाख

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद रमेशकुमार सापकोटाले सुर्खेत विमानस्थलको स्तरउन्नति नै पहिलो प्राथमिकता रहेको बताएका छन् ।

मंगलबार वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले नयाँ विमानस्थलका चर्चा भए पनि तत्कालका लागि वर्तमान विमानस्थल विस्तार गर्नु नै उपयुक्त विकल्प भएको स्पष्ट पारे । सांसद सापकोटाले विमानस्थल विस्तारको विषय लामो समयदेखि अलपत्र अवस्थामा रहेकाले प्रभावित क्षेत्रका नागरिक अन्योल र सास्तीमा परेको उल्लेख गर्दै यो समस्या छिट्टै समाधान गर्न आफू



सक्रिय रहेको बताए ।

उनका अनुसार विमानस्थल विस्तार कर्णाली प्रदेशको यातायात र आर्थिक विकासका लागि अत्यन्त आवश्यक पूर्वाधार हो । यसैबीच उनले पश्चिम सुर्खेतमा सञ्चालनमा रहेको सूर्यतारा सिमेन्ट उद्योगसम्बन्धी काम अघि बढेको जानकारी दिए ।

उद्योग सञ्चालनका प्रक्रियागत समस्या समाधानका लागि उद्योग मन्त्रालयसँग छलफल भइरहेको उल्लेख गर्दै आवश्यक समन्वयमार्फत काम अगाडि बढाइने उनले बताए ।

त्यस्तै, पश्चिम सुर्खेतको पूर्वाधार विकास अन्तर्गत सडक बत्ती जडानको काम पनि अघि बढेको सांसद सापकोटाले जानकारी दिए ।

उनका अनुसार स्थानीय तह र सम्बन्धित निकायको समन्वयमा सडक बत्ती विस्तार कार्य क्रमशः अघि बढिरहेको छ । सापकोटाले कर्णाली प्रदेशमा साना तथा स्थानीय विकासका विभिन्न योजना पनि अघि बढिसकेको बताए । सडक, उज्यालो, खानेपानी तथा अन्य आधारभूत पूर्वाधारसम्बन्धी साना विकास योजनाहरू कार्यान्वयनको चरणमा रहेको उनले उल्लेख गरे ।

उनले विकास आयोजनामा देखिएका ढिलाइ र अवरोध हटाउन निरन्तर पहल भइरहेको भन्दै कर्णालीको समग्र विकासका लागि संघीय सरकारसँग समन्वय गरेर काम गरिने प्रतिबद्धता जनाए ।

# इलाका प्रशासन कार्यालय स्थापना, नागरिकलाई सेवा लिन सहज

**कांक्रेविहार संवाददाता**
दार्चुला, २२ वैशाख

सेवाग्राहीलाई नजिकैबाट प्रशासनिक सेवा उपलब्ध गराउने उद्देश्यले दार्चुलाको शैल्यशिखर नगरपालिका-९ गोकुलेश्वरमा इलाका प्रशासन कार्यालय स्थापना गरिएको छ ।




सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँले आज एक कार्यक्रमबीच कार्यालयको उद्घाटन गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख मियाँले विकट क्षेत्रमा सेवाग्राहीका आवश्यकतालाई ध्यानमा राखी इलाका प्रशासन कार्यालय स्थापना हुनु ठूलो उपलब्धि भएको बताए ।

उनले यस्ता कार्यालयले नागरिकको समय, खर्च र सास्ती कम गर्ने उल्लेख गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

उनले इलाका प्रशासनसँगै मालपोत र नापी कार्यालयजस्ता अन्य सेवा कार्यालयहरू पनि स्थानीय तहमा विस्तार गर्न आवश्यक रहेको बताए ।

साथै, सुदूरपश्चिम प्रदेश प्राकृतिक स्रोत, पर्यटन र वन सम्पदाले भरिपूर्ण सम्भावनायुक्त प्रदेश भएको उनको भनाइ थियो ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेलका अनुसार जिल्ला सुरक्षा समितिको निर्णय र गृह मन्त्रालयको स्वीकृतिपछि कार्यालय स्थापना गरिएको हो । दरबन्दी अनुसार कर्मचारी नहुँदा हाल जिल्ला प्रशासन कार्यालयका तीन जना कर्मचारी खटाएर सेवा सञ्चालन गरिएको छ । कार्यालयलाई शैल्यशिखर नगरपालिका नौ स्थित कृषि तथा पशु भवनमा अस्थायी रूपमा स्थापना गरिएको हो । सदरमुकाम खलङ्गाबाट करिब ७२ किलोमिटर टाढा रहेको गोकुलेश्वरमा कार्यालय स्थापना भएपछि स्थानीय नागरिकले सहज रूपमा सेवा पाउने भएका छन् ।

नयाँ कार्यालयले शैल्यशिखर नगरपालिका, मार्मा गाउँपालिका, अपिहिमाल गाउँपालिका तथा नौगाड र लेकम गाउँपालिकाका केही वडाका नागरिकलाई सेवा दिनेछ । नागरिकता, राष्ट्रिय परिचयपत्र, विपद् व्यवस्थापन र सार्वजनिक सुरक्षासम्बन्धी सेवा स्थानीयस्तरमै उपलब्ध गराइने बताइएको छ । स्थानीय जनप्रतिनिधि र बासिन्दाले लामो दूरी पार गरेर सदरमुकाम जानुपर्ने बाध्यता हट्ने भएकाले कार्यालय स्थापनालाई स्वागत गरेका छन् ।

वडाध्यक्ष जगदीश धामीले यो कार्यालयले ग्रामीण भेगका नागरिकलाई ठूलो राहत दिने बताए भने स्थानीय बासिन्दा धरमानन्द जोशीले घर नजिकैबाट सेवा पाउने भएपछि खुसी व्यक्त गरे ।

# बहिरा विद्यालयको स्वर्णजयन्ती



**कांक्रेविहार संवाददाता**
बुटवल, २२ वैशाख

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विद्यार्थीको रुचि, क्षमता र भविष्यलाई आधार बनाएर पठनपाठन अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

रूपन्देहीको सिद्धार्थनगर नगरपालिका दुई स्थित बहिरा बाल माध्यमिक विद्यालयको स्वर्णजयन्ती समारोहलाई आज सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले शिक्षालाई केवल औपचारिकतामा सीमित नराखी विद्यार्थीको जीवनसँग प्रत्यक्ष जोडेर अघि बढाउनुपर्ने बताए ।

उनले अपाङ्गता भएका व्यक्तिप्रति समाजको दृष्टिकोण परिवर्तन हुनुपर्ने उल्लेख गर्दै त्यस्ता विद्यार्थीलाई आत्मनिर्भर र उद्यमशील बनाउन प्रदेश सरकारले विशेष प्राथमिकता दिएको बताए ।

मुख्यमन्त्री आचार्यले फरक क्षमता भएका नागरिकका लागि राज्यले अवसर सृजना गरिरहेको उल्लेख गर्दै उनीहरूको पठनपाठन र सीप विकासका अवस्थाबारे नजिकबाट बुझ्न पाउँदा खुशी लागेको बताए ।

विसं २०३२ सालदेखि सुनाइ सम्बन्धी समस्या भएका बालबालिकालाई शिक्षा प्रदान गर्दै आएको यो विद्यालयले विशेष शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान दिँदै आएको छ ।

विद्यालयले नेपालसँगै छिमेकी मुलुक भारतका विद्यार्थीलाई समेत समेट्दै समावेशी शिक्षा प्रदान गर्दै आएको जनाएको छ ।

आवासीय सुविधा सहित सञ्चालन भइरहेको विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा १२ सम्मको अध्ययन तथा विभिन्न सीपमूलक तालिम प्रदान गरिँदै आएको छ ।

यसमार्फत विद्यार्थीलाई आत्मनिर्भर बनाउन प्रयास भइरहेको विद्यालय प्रशासनले जनाएको छ । समारोहमा सहभागी वक्ताहरूले पनि समावेशी शिक्षाको विस्तार र फरक क्षमता भएका बालबालिकाका लागि अझ प्रभावकारी कार्यक्रम आवश्यक रहेको बताएका छन् ।

# सबै दलको सहभागितामा बजेट बन्छ : मुख्यमन्त्री शाह

**कांक्रेविहार संवाददाता**
धनगढी, २२ वैशाख

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले बजेट निर्माण तथा यसको प्रभावकारी कार्यान्वयनका लागि सबै राजनीतिक दलको सहभागितामा 'बजेट सुझाव समिति' गठन गर्नुपर्ने बताएका छन् ।

आर्थिक वर्ष २०८३/०८४ को बजेट तयारीका क्रममा मंगलबार धनगढीमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री शाहले प्रदेशभर समानुपातिक बजेट वितरण गर्ने प्रतिबद्धता जनाउँदै सबै दलको प्रतिनिधित्व रहने समिति आवश्यक रहेको बताए ।

उनले नेपाली कांग्रेस संसदीय दलले प्रमुख



सचेतक विक्रमसिंह धामीको संयोजकत्वमा तीन सदस्यीय बजेट सुझाव समिति गठन गरिसकेको जानकारी पनि दिए ।

उक्त समितिमा गीताकुमारी चौधरी र पदमबहादुर शाही सदस्य रहेका छन् । मुख्यमन्त्री शाहले ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूलाई प्राथमिकतामा राखेर योजना निर्माण गर्न सम्बन्धित अधिकारीहरूलाई निर्देशन दिएका छन् ।

साथै, कोटेशन मार्फत कार्यक्रम कार्यान्वयन नगर्न र त्यस्तो गतिविधिमा संलग्न भए कारबाही गर्ने चेतावनी समेत दिएका छन् ।

उनले प्रदेश सरकारले २५ लाख रुपैयाँभन्दा कम लागतका योजनामा बजेट नदिने स्पष्ट पार्दै उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन नगर्ने नीति अघि बढाइएको जानकारी दिए ।

कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरूले शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी पर्याप्त बजेट विनियोजन गर्नुपर्ने तथा दीगो विकासलाई केन्द्रमा राख्नुपर्ने सुझाव दिएका थिए ।

# पाठ्यक्रम पुनरावलोकनका लागि कार्यदल गठन

**कांक्रेविहार संवाददाता**
काठमाडौं, २२ वैशाख

सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई समयसापेक्ष पुनरावलोकन गर्ने भएको छ । उक्त प्रयोजनका निम्ति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई पुनरावलोकन गर्न तथा नयाँ दिशा दिन कार्यदल गठन गरेको छ ।

मन्त्रालयले प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा कार्यदल एक कार्यदल गठन गरेको हो । कार्यदलको सदस्यहरूमा डा लेखनाथ पौडेल, डा मिनाक्षी दाहाल, डा अमिना सिंह, पवित्रबहादुर गौतम, प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सागेन्द्र श्रेष्ठ, रिचा न्यौपाने, रेवती कार्की तथा सदस्यसचिवमा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशन छन् । राष्ट्रिय पाठ्यक्रम तथा मूल्यांकन परिषद्को ९८औँ बैठकको निर्णयानुसार कार्यदल गठन गरिएको हो । बदलिँदो परिवेशअनुसार पाठ्यक्रमलाई समयसान्दर्भिक बनाएर लैजाने तथा नैतिक शिक्षालगायतलाई पाठ्यक्रममा समावेश गर्नेगरी कार्यदल गठन गरिएको मन्त्रालयले जनाएको छ ।


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति** : २०८३/१/२३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मनोज भारती** धनी रहेको, **दर्ता नम्बर** ९१४/०६३/०६३ बाट **वीरेन्द्रनगर न.पा.-६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्रीमिका एयर कार्गो सर्भिस** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

**सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।**

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौँ ।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)